# आँधिखोला गाउँपालिकाको
# आ.ब. २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम

गाउँ सभाबाट पारित मिति: २०७६/०३/१०

आँधिखोला गाउँपालिका
गाँउकार्यपालिकाको कार्यालय
कृषि, स्याङ्जा

**गाउँ सभा सदस्यहरु**

आँधिखोला गाउँपालिकाको यस गरिमामय पाँचौ गाउँसभामा उपस्थित आँधिखोला गाउँपालिकाका उपाध्यक्ष ज्यू, सम्पूर्ण सभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारी मित्रहरुमा ,आँधिखोला गाउँपालिकाको यस गरिमामय पाँचौ गाउँ सभाको **नीति तथा कार्यक्रम** प्रस्तुतिकरण समारोहमा हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु । त्यसैगरी यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जन आन्दोलनहरु र सशस्त्र संघर्षका क्रममा राष्ट्र र जनताको लागि आफ्नो जीवन सर्मपण गर्नुहुने ज्ञात अज्ञात वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

लामो समयसम्मको आम नेपाली जनताको प्रतिक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२/६३ को जनआन्दोलन मार्फत, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन पश्चात जनताका प्रतिनिधिले नै निर्माण गरेको संविधान हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानीय, प्रदेश र संघीय तीनै तहको निर्वाचन, सम्पन्न भई सकेर आज हामी आँधिखोला गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आँफै बनाउने र आफ्नो लागि आँफै कानुन बनाई कार्यान्वयन गर्ने लोकतन्त्रको उच्चतम अभ्यास स्थानीय तहमा नै गर्न पाइरहेका छौं ।

राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहीत स्मरण गर्न चाहन्छु । सम्पूर्ण बेपत्ता नागरिक, जनआन्दोलनका घाइते तथा पीडितहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा छ । यो हाम्रो लागि अवसर र चुनौती दुवै हो । उत्तरदायित्व र जवाफदेहिता सहितको स्रोत साधन र अधिकार समेत स्थानीय तहमा स्थानान्तरण भई आएको छ । आँधिखोला गाँउपालिकाले जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधतालाई आत्मसात गरी सामाजिक एवं सांस्कृतिक ,समानता र सहिष्णुतामा आधारित समाजको निर्माण गर्ने संकल्प गर्दे नेपालको संविधानको मूल मर्म सहकार्य,समन्वय र सह अस्तित्वका आधारमा संघीय सरकार ,गण्डकी प्रदेश सरकार तथा अन्य स्थानीय तहहरुसँग विकासका लागि हातेमालो गर्दै आँधिखोला गाउँपालिकालाई विकासको पथमा अग्रसर गराउनुका साथै अन्य शासकीय तहलाई प्रेरणाको स्रोतको रुपमा आफुलाई प्रस्तुत गर्नेछ।

स्थानीय तह सरकारकै रुपमा रहेको र कानुनी प्रावधान अनुसार व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग गर्दै आएका छौं । स्थानिय श्रोत र साधनको उच्चतम प्रयोग गर्दै आँधिखोला गाँउपालिकाको बहुआयामिक बिकास गर्नु हाम्रो प्रमुख दायित्वको रुपमा रहेको छ । जनतामा विकास प्रतिको तीव्र चाहना, जनप्रतिनिधिमार्फत स्थानीय तहमा नै सहभागिता, जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्वको अभ्यास हुने, स्थानीय तहदेखि नै लोकतन्त्रको असली अभ्यास हुन थाल्नु ग्रामीण क्षेत्रको विकासका नयाँ संकेतहरु हुन् । प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्दा आँधिखोला गाँउपालिकाको विकासको आवश्यकता, नेपाल सरकार, प्रदेश सरकारले अबलम्बन गरेका बिकासका दिर्घकालिन लक्ष्यहरु र संबिधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारलाई प्रमुख

मार्गदर्शनका रुपमा अंगालेको छु ।जनताले आफ्ना आवश्यकताहरुलाई सम्बोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने उद्देश्यले सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप स्थानीय तहका गाउँ, बस्ती, टोल हुँदै वडा समिति, र विषयगत समितिहरुको बैठक, राजनीतिक दल लगायत अन्य सरोकारवाला हरु संग छलफल र अन्तरक्रिया गरी प्राप्त सूझावहरुको आधारमा वृहत छलफल पश्चात कार्यपालिकाले स्वीकृत गरी **समृद्ध नेपाल सुखी नेपाली** भन्ने राष्ट्रिय संकल्पलाई आत्मसाथ गर्दै सो संकल्प पुरा गर्नका निमित्त नेपालको राज्य शक्तिको प्रयोग गर्ने एक शासकीय तहको हैसियतले आँधिखोला गाउँपालिकाको यस गरिमामय पाचौं गाउँसभामा आ.व.०७६।७७ को वार्षिक नीति तथा कार्यक्रम घोषणा गर्न पाउँदा म निकै हर्षित एवं गौरवान्वित छु ।

**गाउँ सभा सदस्यहरु**

स्याङजा जिल्लाको पहिचानको रुपमा रहेको आँधिखोलाको शीरमा अवस्थित ,समग्र जिल्लाको आर्थिक, सामाजिक, सास्कृतिक,धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण केन्द्रका रुपमा रहेको यस आँधिखोला गाउँपालिकाको अन्धाअन्धी श्रवणकुमार सडक ,गाँउपालिकाको मुख्य प्रशासनिक कार्यालय भवन ,बहुउद्येश्यिय सभाहल तथा ब्यपारिक भवन,अन्धाअन्धी श्रवणकुमार पर्यटन पुर्वाधार प्रर्बधन कार्यक्रम,चिलाउनेबास झारखोला सडक कालोपत्रे गर्ने योजना, टिकाजा तल्लो बैडाटार सिंचाई योजना,आहाल-बरपिप्ले-चिसाखोला सडक योजनालाई आँधिखोला गाँउपालिकाको गौरबको योजना अन्तर्गत निरन्तरतामा राखी कार्यसुचारु अबस्थामा रहेको र तोकिएको म्यादभित्र सबै परियोजनाहरु सु-सम्पन्न हुनेछन भन्ने जानकारी गराउदै फुलबारी-पुवाडाँडा-खौलालाकुरी-पर्बत सडकलाई पनि गौरवका आयोजनाको रुपमा समेटिने छ ।

**अब म गत बर्षको संक्षिप्त समिक्षा गर्न चाहान्छु ।**

१. आँधिखोला गाउँपालिकाको सुबिधासम्पन्न **प्रशासनिक भवन** र बहुउद्देश्यीय सभाहल तथा ब्यापारिक भबनको निर्माण कार्य प्रारम्भ गरिएको छ ।
२. विगत वर्षको जस्तै यस वर्ष पनि **अन्धाअन्धी श्रवण कुमार बृहत गुरुयोजना** अन्तर्गत बृहत भौतिक संरचना निर्माणको काम सम्पन्न गरिएको छ ।
३. गाउँपालिकाको आफ्नै लगानीमा आहाल चिसाखोला बरपिप्ले सडकको **कालोपत्रे** गर्ने कार्य सुचारु गराउँदै निकट भविष्यमा सम्पन्न गर्ने ढंगबाट कार्य अगाडि बढाइएको छ ।
४. आँधिखोला गाउँपालिकामा धार्मिक पर्यटनको विकासका लागि अन्धाअन्धी श्रवणकुमार मार्गको सुरु बिन्दु नागडाँडामा अन्धाअन्धी श्रवण कुमारको **शालिक** निर्माण गर्ने कार्य सफलता तर्फ उन्मुख रहेको छ ।
५. वडा नं. १ पञ्चमुल र वडा नं.३ बिचारीचौतारा वडा कार्यालयको सुविधा सम्पन्न प्रशासनिक भवनको निर्माण कार्य सु-सम्पन्न भई नयाँ भवनमा **वडा कार्यालय** स्थान्तरण गरिनेछ।

६. गण्डकी प्रदेश सरकार र गाउँपालिको साझेदारीमा वडा नं ६ फापरथुम अन्तर्गत टिकाजामा बृहत **तल्लो वैडाटार सिचाइ** योजना कार्यान्वयनको चरणमा रहेको छ ।
७. आम जनताको स्वास्थ्य सुबिधा प्रति अत्यन्त सम्बेदनशिल रही चौबिसै घण्टा एम्बुलेन्स सेबा सञ्चालनमा ल्याईएको छ । साथै श्रवणकुमार ज्येष्ठ नागरिक गाँउघर क्लिनिक मार्फत बृद्ध बुबाआमाहरु निकटतम ढंगले **स्वास्थ्य सेबा** सँग आबद्ध भएको अनुभूति भएको छ ।
८. सबै वडाहरुमा इन्टरनेटको पहुँच पुगी साथै आँधिखोला गाँउपालिकाको बेभसाईट र मोबाइल एप प्रयोगमा ल्याउनुका साथै ल्याण्डलाइन **टेलिफोन सेवा र इन्टरनेट लिज** लाइन सेवा गाँउपालिकाको कार्यालय र स्थानीय जनतालाई समेत पुर्याएईको छ ।
९. वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्नका लागि सौर्य सडक बत्ती २० सेट जडान गरिएको छ र उज्यालो घरबास कार्यक्रम अन्तर्गत होम स्टेहरुमा २७ सेट **सोलार सिस्टम** जडान गरिएको छ ।
१०. गाउँपालिकामा भएका सम्पूर्ण अभिलेखहरु डिजिटल प्रविधिमा राखिनुका साथै **अनलाईन** माध्यमबाट GIS Map निर्माणको लागि तथ्यांक संकलन गरिएको छ ।
११. गण्डकी प्रदेश सरकारको **साझेदारी सडक** अन्तर्गत आँधिखोला गाउँकार्यपालिको कार्यालय बाट वडा कार्यालय सम्म पुग्ने सडकको स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ ।
१२. गण्डकी प्रदेश सरकारको समपुरक अनुदान र आँधिखोला गाँउपालिकाको सहलगानीमा पारीवन-चिलाउनेवास-झारखोला सडकलाई **नमुना सडक**को रुपमा सञ्चालन गरिएको छ र आगामी आ.ब. मा कार्य सम्पन्न गरिनेछ ।
१३. **आँधिखोला गाँउपालिकाको आवधिक योजना** तयार गरि उपलब्ध स्रोत साधनलाई प्रभाबकारी रुपमा विकास निर्माण सँग आबद्ध गर्ने कार्य अगाडी बढाईएको छ ।
१४. संविधानद्धारा नै प्रत्याभूत स्थानीय तहको न्यायिक अधिकारलाई वडा स्तरमा नै अनुभुत गर्नका लागी प्रत्येक वडाका मेलमिलापकर्तालाई लक्षित गरी मेलमिलापको आधारभूत तालिम सम्पन्न गरि प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गर्न सफल भएका छौ ।
१५. कृषिको ब्यबसायीकरण र आधुनिकीकरण मार्फत उत्पादकत्व अभिबृद्धि गरी कृषकको जीबनस्तरमा सुधार गर्नका लागि **मिनि टिलर,टनेल,मौरी घार** वितरण गर्न सफल भएका छौ ।

सदस्य ज्यूहरु,

अब म पाँचौ गाउँ सभामा प्रस्तुत आगामी आ.ब. २०७६।०७७ को बजेट तथा कार्यक्रमहरु निर्माण गर्नका लागि "**कृषि, पर्यटन समुन्नत आँधिखोला गाउँपालिकाको आधार, सेवा,विकास,सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार**" भन्ने मूल नाराका साथ गाउँको संबृद्धि तर्फको यात्रालाई अगाडि बढाउने सोचका साथ निम्न क्षेत्रगत नीतिहरु जारी गरिएको व्यहोरा प्रस्तुत गर्न चाहान्छु ।

**स्पष्टोक्ति**

निम्न उल्लेखित क्षेत्रगत नीतिहरु गाउँपालिकाले सञ्चालन गर्दा कार्यक्रम योजना बनाई कार्यान्वयन गर्नेछ । गाउँपालिकाको आर्थिक र सामाजिक विकासको क्षेत्रमा मार्गदर्शकको रुपमा रहेका यी क्षेत्रगत नीतिहरु गाउँपालिकाको आन्तरिक एवं बाह्य स्रोतको पर्याप्तताको आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । साथै यी क्षेत्रगत नीतिहरु कार्यान्वयन नभएको भनी कुनै अड्डा अदालतमा उजुर बाजुर लाग्ने छैन ।

**आँधिखोला गाउँपालिकाको आ.ब. २०७६।०७७ को**
**लागि अबलम्बन गर्ने क्षेत्रगत नीतिहरु**

**१. आर्थिक विकास**

**(क) कृषि**

- कृषिमा उत्पादकत्व अभिबृद्धिP गरी कृषकको जिबनस्तरलाई समुन्नत बनाउनका लागी कृषिमा बिबिधिकरण ब्यबसायीकरण र औद्योगिकिकरणको नीति अबलम्बन गरिनेछ।
- मौरीपालन,च्याउको विउ,उन्नत तरकारीको बीउ,फलफूलको विरुवा,प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी,माछाको भुरा,आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गर्ने तथा उत्पादित वस्तुहरुको बजारीकरणमा जोड दिईनेछ ।
- बालीमा रहेका रोगका कारण उत्पन्न हुने जोखिम न्युनिकरणका लागि बालीमा उपचार शिबिर तथा आकस्मिक बाली उपचार शिबिर कार्यक्रम सञ्चालन गरिनेछ ।
- मसला बाली प्रबर्धन कार्यक्रम सञ्चालन गरी मसला उद्योग संचालनमा ल्याई मसला आयात गर्ने प्रबृतिलाई निरुत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।
- हावापानी सुहाउदो तथा बजार मूल्य बढी पर्ने फलफूल जस्तै सुन्तला, कफी, अलैची, किवी, भुई स्याउ, मेकेडेमिया नट ईत्यादि उत्पादनमा कृषकलाई प्रोत्साहन गरिनुका साथै आबश्यक तालिम संचालन गरिनेछ ।
- विगत वर्षमा जस्तै यस वर्ष पनि बाँदर नियन्त्रणको कार्यक्रमलाइ सघन ढंगले अगाडि बढाईनेछ ।
- कृषि क्षेत्रमा जग्गा बाझो राख्ने प्रबृतिलाई निरुत्साहित गरिनेछ ।
- कृषि क्षेत्रसँग जोडिएको प्राकृतिक तथा गैर प्राकृतिक जोखिमबाट कृषकलाई पर्न सक्ने हानीको प्रतिकारको लागि कृषि बिमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी कृषकलाई कृषि बिमा गर्न प्रोत्साहन गरिनेछ।
- प्रदेश सरकारको साझेदारीमा चिस्यान केन्द्रको स्थापना गरी बेमैसमी लगायत अन्य कृषि उपजको उत्पादनका लागी कृषकलाई प्रोत्साहित गरिनेछ ।

- आँधिखोलामा **असला माछ्ा**को सम्भाब्यताको लागी पहल गरिनेछ र असला माछ्ालाई आँधिखोलाको पहिचानको रुपमा बिकास गरिनेछ।

**(ख) सिंचाई**

- कृषि उत्पादकत्व वृद्धिमा सहयोग पुर्याउन सिंचाई नपुगेका क्षेत्रलाई लक्षित गरी साना सिंचाई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाईने छ ।
- गाउँपालिका भित्रका परम्परागत कुलाहरुलाई मर्मत तथा संभार गरी प्रयोगमा ल्याईने छ ।
- कृषिको आधुनिकीकरण र व्यवसायिकरणका लागी आवश्यक सिंचाइ कुलोहरुको बिस्तृत परियोजना प्रतिबेदन तयार गर्दै अगाडि बढिनेछ ।

**(ग) पशुपंक्षीतर्फ**

- स्थानीय रैथाने जातको कुखुरा र हाँसलाई प्रर्बधन गरिनुका साथै स्थानीय जातको कुखुरापालन गर्ने कृषकहरुलाई पुरस्कृत तथा प्रोत्साहित गरिनेछ ।
- दूध, मासु, अन्डामा आत्मनिर्भर बनी आयात प्रतिस्थापन मार्फत निर्यात प्रर्बधनका लागी पहल गरिने छ ।
- दुध चिस्यान केन्द्रहरुको स्थापना गरी स्थानीय कृषकहरुबाट उत्पादित दूधलाई चिस्यान केन्द्र मार्फत बजारमा सहज पहुँच पुर्याउन पहल गरिने छ ।
- गोठ सुधार, भकारो सुधार तथा मलखाद सुधार जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पशुपालनका क्षेत्रमा पशुसेवा समितिहरु गठन गरी ती समितिहरुलाई पशु सेबा कार्यक्रममा आवद्ध गराउन तालीम, गोष्ठी जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादनमा बृद्धि गरिने छ ।
- पशु विमा सम्वन्धमा अभिमुखिकरण गरी पशु विमा प्रति प्रोत्साहन गरिने छ ।

**(घ) सहकारी**

- सहकारी संस्थाहरुको अनुगमन निरिक्षण लाई प्रभावकारी वनाउँदै दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ ।
- सहकारी संस्थाहरुसँग सहकार्य गरी व्यवसायिक किसानहरुलाई सर्वसुलभ दरमा ऋण उपलब्ध गराउन पहल गरिने छ ।
- उद्यमशिलताको विकासका लागि कृषि उन्मुख तथा उत्पादनमुलक सहकारी संस्थाहरुलाई प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।
- महिला उद्यमीहरुको विकास गर्न लैगिक बिकास तथा सशक्तिकिरण मार्फत महिला बिकासका लागि महिला सहकारी संस्था प्रवर्द्धनमा जोड दिईनेछ ।

**(ङ) उद्योग/वाणिज्य/आपूर्ति**

- गाउँपालिका स्तरीय **उद्योग ग्राम** खोल्न आवश्यक पहल गरिने छ ।
- लक्षित समुदायमा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनलाइ निरन्तरता दिदै आगामि दिनमा कम्तिमा १ चौमासिकमा १ पटक कडाइका साथ म्याद तोकी बजार अनुगमन गरिनेछ ।
- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरुको बिक्री बितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ ।
- एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ ।
- गाउपालिकाको लघु उद्यम रणनितिक योजना बमोजिमका कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गरिनेछ ।
- गाउँपालिका भित्र उत्पादन सम्भव भएका बस्तुहरु तथा सेवाको आयातलाई निरुत्साहित गरिनुका साथै आत्मसम्मानका साथ स्थानीय बस्तु तथा सेबाको प्रयोग गर्ने प्रवृतिलाई प्रोहत्साहित गरिनेछ ।

**(च) पर्यटन/संस्कृतिः**

- आँधिखोला गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरुको जगेर्ना गर्दै भौतिक पुर्वाधारहरुको विकास मार्फत दिगो पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । साथै पर्यटन क्षेत्रलाई रोजगारीको सृजना गर्न सम्भाव्य क्षेत्रका रुपमा विकास गरिनेछ ।
- अन्धाअन्धी श्रवण कुमार बृहत्तर गुरुयोजना कार्यान्वयनका लागि आँधिखोला गाउँपालिकाले गौरवको योजनामा समावेश गरी कार्यक्रम अगाडि बढाउनेछ ।
- गाउँपालिकाको केन्द्रदेखि गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने पर्यटन मार्गहरुको निर्माण गरिनेछ ।
- होम स्टेको सेवा सुविधालाई प्रभावकारी बनाउन होमस्टेमा नियमित निरिक्षण तथा अनुगमन गरिनुका साथै होमस्टे सेवाको गुणस्तर सुधारका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।
- ऐतिहासिक र परम्परागत रुपमा रहेका मठ,मन्दिर,गुफा,कोट लगायतका सम्पदाहरुको संरक्षण र सम्बर्धन गरी पर्यटकिय गन्तब्यको रुपमा बिकास गरिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागि अन्धाअन्धी श्रवणकुमार पर्यटन महोत्सव सञ्चालन गर्ने नीति लिईनेछ ।

## २. वातावरण तथा विपद् व्यवस्थापनः

### (क) वन

- नाङ्गा डाँडाहरुमा बृक्षारोपण गरिनुका साथै सामुदायिक वन क्षेत्रमा चिराइतो, अम्रिसो, कुरिलो, लप्सी, टिमुर, वेतबाँस जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई आधार मानी व्यवसायिक खेती प्रवर्द्धन गरी आय आर्जनको माध्यम बनाउन पहल गरिने छ ।
- बन फडानी र बन डढेलोलाई न्यूनिकरण गरी दिगो वन व्यवस्थापन र लोपोन्मुख बन्यजन्तु संरक्षणमा जोड दिईने छ ।
- सामुदायिक बनमा पर्या-पर्यटनलाइ प्रबर्द्धन गरिनेछ ।
- सामुदायिक बन लगायतका बन क्षेत्रमा गैरकाष्ठ बन पैदाबारमा आधारित आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### (ख) वातावरण

- प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ ।
- वातावरण मैत्री स्थानीय शासन कार्यक्रम संचालन गरिनेछ ।
- गाउपालिका भित्र संचालन गरिने योजनालाई वातावरण मैत्रि बनाइनेछ ।
- जलवायु परिवर्तन अनुकुलन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- पोखरी पुनर्भरण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ३. फोहोरमैला व्यवस्थापन

- फोहोरमैलाको दिगो र प्रभाबकारी व्यवस्थापनका लागि आमा समूह, टोल विकास संस्था, युवा क्लव र बिद्यालयसँग सहकार्य गरिनेछ र फोहरलाई कुहिने र नकुहिने गरी वर्गिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने व्यवसायलाई प्रोत्साहित गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि 3R (**Reduse, Reuse, Recycle**) को नीति लिइनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ्ग साइटको व्यवस्था गरी आवश्यक पुर्वाधार तयार गर्न प्रयत्न गरिनेछ ।

## ४. विपद् व्यवस्थापनः

- विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।
- संघ प्रदेश र अन्य स्थानीय तह संगको सहकार्यमा विपद व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

## ५. सामाजिक क्षेत्र

### (क) शिक्षाः

- बिद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत **अध्यक्ष शैक्षिक गुणस्तर सुधार कार्यक्रम** सञ्चालन गरिनेछ जस अन्तर्गत बिद्युतीय सिकाई,बिद्युतीय हाजिरी,बालबिकास पुर्वाधार तथा शिक्षक प्रोत्साहन कार्यक्रम र पाठ्यपुस्तक बितरण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरुको साझेदारीमा बालबालिकाको हित र कल्याणको लागि सहयोगात्मक र प्रवर्धनत्मक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइने छ ।
- सामुदायिक विद्यालयहरुमा दिगो तथा बाताबरणमैत्री पूर्वाधार विकासमा जोड दिने नीति लिईनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी सामूदायिक विद्यालयप्रति विद्यार्थीको आकर्षण बढाइनेछ ।
- विद्यालयको सहलगानीमा सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्धिका लागि विद्यालय बसको सञ्चालन गर्न प्रयत्न गरिनेछ ।
- विद्यालयको शैक्षिक सुशासन र गुणस्तर अभिबृद्धि गर्दे आधारभुत वाल विकास केन्द्रमा तथा लक्षित समूहका बालबालिकाहरुको पहुंच बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अपनाइनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका सामूदायिक विद्यालयहरु मध्ये कम्तिमा १ विद्यालयलाई प्राविधिक विद्यालय र १ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- प्रत्येक विद्यालयहरुमा स्वच्छ खानेपानी को ब्यवस्था गरिने छ ।
- स्वास्थ्य प्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षक कर्मचारीको क्षमता विकास गरी सामूदायिक विद्यालयको क्षमता अभिबृद्धि गरिनेछ ।
- आधारभूत शिक्षामा भएको लैङ्गिक विभेदलाई अन्त्य गरिनेछ ।
- आबासीय बिद्यालयको निर्माणका लागि आबश्यक कार्यक्रम सञ्चालन गर्न प्रयत्न गरिनेछ ।
- तोकिएको बिद्यार्थी संख्या भन्दा कम भएका बिद्यालयहरुलाई आबश्यकताको आधारमा समायोजन गरिनेछ ।

**(ख) स्वास्थ्यः**

- जनस्वास्थ्य सँग सम्बन्धित प्रतिरोधात्मक, प्रवर्धनात्मक, निदानात्मक र उपचारात्मक स्वास्थ्य सेवाहरु प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त अनुसार सञ्चालन गरिनुका साथै सञ्चालनमा रहेका अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरिने छ ।
- स्वास्थ्य पुर्वाधार, औषधी तथा उपकरणहरुको उपलव्धतामा अभिवृद्धि गरिने छ ।

- आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्न कठिन समुदायलाई लक्षित गरी सामुदायिक स्वास्थ्य ईकाई संचालन गरी सो समुदायको स्वस्थ्य सम्बन्धी हकलाई सुनिश्चित गरिनेछ।
- आमा सुरक्षा, खोप तथा पोषण कार्यक्रमलाई प्रभावकारी वनाउन मोवाईल स्वास्थ्य कार्यक्रम गैह्र सहकारी संस्थासँगको समन्वयमा सञ्चालन गरिने छ ।
- गर्भवती महिलालाई स्वास्थ्य संस्थामा गर्भजाँच गराउँदा प्रोत्साहान गरिनुका साथै स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिए वापत प्रसुति महिलालाई थप प्रोत्साहन गरिने कार्यक्रम लागु गरिने छ ।
- आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्मेबार बनाउन वर्थिङ्ग सेन्टरमा थप उपचार आवश्यक्ता परेमा वा विशेष जटिलता भई प्रेशण गर्नु परेमा लाग्ने एम्वुलेन्स खर्च गाउँपालिकावाट सोधभर्ना गरिने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका स्तरमा २५ तथा १५ सैया अस्पताल निमार्ण तथा संचालन गर्ने केन्द्रिय सरकार तथा प्रदेश सरकारको निति अनुसार गाउँपालिका स्तरीय अस्पताल निर्माणमा पहल गरिने छ
- आयुर्वेद औषाधालय स्थापना तथा संचालनको लागि प्रदेश सरकार सँग पहल गरिने छ ।
- वढिमा २ वटा स्वास्थ्य चौकी स्तरमा प्रयोगशाला स्थापना तथा संचालन गरिने छ ।
- एक टोल विकास संस्था एक स्टेचर कार्यक्रम लागु गरिनेछ ।

**(ग) खानेपानीः**

- यस आ.ब. भित्र गाँउपालिका भित्रका सबै जनताका लागि गुणस्तरीय तथा सर्वसुलभ खानेपानीमा पहुँच अभिबृद्धि गरिनेछ ।
- खानेपानीका सम्पूर्ण स्रोतहरुलाई महत्तम उपयोग गरी एक घर एक धाराको सरकारी नीतिलाई गाउँपालिकाको हकमा समेत आत्मसात गरिनेछ र आवश्यकता अनुसार खानेपानीका आयोजनाको लागि **बिस्तृत परियोजना प्रतिबेदन** तयार गरिनेछ ।
- सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । गाउँ क्षेत्रको सरसफाइ कार्यलाई तीव्रता र निरन्तरता दिइने छ ।
- स्थानिय रुपमा रहेका कुबा,ताल,पोखरी लगायतका पानीका स्रोतहरुको संरक्षणका लागि कार्यक्रम लागु गरीनेछ ।

**(घ) महिला, दलित तथा जनजातिः**

- महिलाहरुको सीप, क्षमता र दक्षता अभिवृद्धि गरी आयआर्जनमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबै प्रकारका महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यव्हार रोकी समतामूलक समाजको निर्माण गर्नका लागि हिंसा तथा दुर्व्यबहार प्रति शून्य सहनशीलताको नीति अवलम्वन गरिने छ ।
- छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभियान संचालन गरिने छ ।
- जनजाति बसोबास क्षेत्रमा जनजातिलाई पर्यटन प्रबर्धनका कार्यक्रमसँग आबद्ध गर्न बिशेष कार्यक्रमहरु संचालन गरिने छ ।
- आँधिखोला गाँउपालिकाका युबा जनशक्तिहरुको राष्ट्रसेबाप्रति आकर्षणमा थप अभिबृद्धि गर्न लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्नका लागि आबश्यक ब्यबस्था गरीनेछ ।
- आमा समूहहरुको अगुवाईमा टोल बस्तीमा सृजनात्मक,रचनात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**(ङ) बालबालिकाः**

- आँधिखोला गाउँपालिकाका कम्तिमा २ वटा वडाहरुमा  पूर्ण रुपमा बालमैत्री वडा घोषणा गर्ने उद्देश्य लिइने छ ।
- बालबालिकालाई सबै किसिमका भेदभाब,यातना,दुव्यवहार तथा जोखिमबाट मुक्त गराउन आवश्यक पहल गरिनेछ ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याउन विशेष लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइने छ ।

**(च) फरक क्षमता भएका व्यक्तिहरूः**

- अपाङ्गता भएका ब्याक्त्ति बिरुद्ध हुने भेदभाब अन्त्य गरी उनिहरुको नागरिक,राजनितिक,आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान,संरक्षण र सम्बर्धन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको  दैनिक जिबनयापनमा सहजता प्रदान गर्न आबश्यक सहायक सामाग्री बितरण गरिनेछ ।
- शारीरिक,मानसिक,बौद्धिक रुपमा फरक क्षमता भएका व्यक्तिहरुको अन्य ब्याक्त्ति सरह  समाजमा सम्मानजनक ढंगले जीबनयापन गर्नै बाताबरण तयार गरिनेछ ।
- गाँउपालिकाको पहुँच भन्दा बाहिर भएका फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरी परिचय-पत्र बितरण मार्फत सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गरिनेछ ।

**(छ) युवा तथा खेलकुदः**

- आँधिखोला गाँउपालिकाको युबा जनशक्तिलाई स्बस्थ,सक्षम र अनुशाशित बनाउनका लागी युबाहरुलाई  खेलकुदमा आबद्ध गरिनेछ र खेलकुदलाई

आँधिखोला गाँउपालिकाको सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा बिकास गरिनेछ ।

- गाउँपालिका स्तरीय खेल मैदान बनाउन पहल गरिने छ ।
- युवा उद्यमी बिकासका लागि शिक्षा, तालिम, रोजगारीलाई विशेष ध्यान दिदै सहुलियत दरको ऋण उपलब्ध गराउन प्रयत्न गरिनेछ ।

**(ज) ज्येष्ठ नागरिकः**

- जेष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवलाई सदुपयोग गरी निजहरु प्रति श्रद्धा आदार र सदभाबको अभिबृद्धि गरिनेछ ।
- श्रवणकुमार जेष्ठ नागरिक गाँउघर स्वास्थ्य क्लिनिक संचालन गरिने छ ।
- ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा लाई प्रभाबकारी बनाईनेछ ।
- गाँउपालिकाका सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी तथा शिक्षकको मासिक तलबको ५ प्रतिशतले हुन आउने रकम कट्टा गरी उनिहरुका **बाबुआमाको बैंक खातामा** सोझै भुक्तानी हुने ब्यबस्थाका लागी कानुनी तथा नीतिगत ब्यबस्था गरिनेछ ।
- आँधिखोला गाँउपालिका भित्रका सम्पूर्ण जनप्रतिनिधीहरुको मासिक पाउने सुबिधाबाट १.५ प्रतिशतले आउने रकम कट्टी गरी आँधिखोला गाउपालिकाको **सामाजिक सुरक्षा कोष खडा** गरिनेछ ।

**६. भौतिक पूर्वाधार क्षेत्रः**

- नयाँ ट्र्याक खोल्ने योजनालाई प्राथमिकतामा नराखी भएका सडकलाई स्तरोन्नति गर्ने काम गरिनेछ ।
- गाउँपालिकाको केन्द्र बाट वडा केन्द्रसम्म पुग्ने सडकहरुलाई स्तरउन्नत्ति तथा कालोपत्रे गर्न प्राथमिकता दिईने छ ।
- सार्वजनिक सडकको दायाँबायाँ Bio-engineering प्रविधिको प्रयोग गरि बिकास योजनाको कम्तिमा १ प्रतिशत रकम भु-क्षय रोकथाममा लगानी गरिनेछ साथै यस कार्यक्रमलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सँग आबद्ध गरिनेछ ।
- यातायात लगायतका पुर्वाधारका काममा कम्तिमा तिस प्रतिशत स्टक्चर को काम गर्नुपर्नेछ । उक्त अंशको काम नगरेसम्म योजनाको अन्तिम मुल्याङकन तथा फरफारकको कार्य गरिने छैन ।
- गाउँपालिका भित्रका रणनीतिक सडकहरुमा सडक यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड लागु गरिने छ र गाउँपालिकाको रणनितीक महत्वको सडकहरुको **बिस्तृत परियोजना प्रतिबेदन** गरिनेछ ।
- बिद्युतको प्रसारणलाई भरपर्दो, सुरक्षित तथा गुणस्तरिय बनाउन विद्युतीय काठको पोललाई ग्याल्भानाईज्ड स्टिल पोलले विस्थापित गरिनेछ ।

- बिकास साझेदारहरुको सहकार्यमा नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गेपुल निर्माण र मर्मत सम्भार गरी सञ्चालन हुने झोलुङ्गेपुल लाई आबश्यकता अनुसार मर्मत सम्भार गरिनेछ ।
- MTMP ले तोकेको मापदण्ड अनुसार आँधिखोला गाँउपालिका भित्रका सडकहरुको सडक मापदण्ड अनुसार जग्गाको लगत कट्टा गर्नका लागी पहल गरिनेछ ।
- गाउँपालिका भित्र एउटा नमुना सडक निर्माण गर्न आवश्यक रकम बिनियोजन गरिने छ ।
- कन्टिन्जेन्सी तर्फको रकमबाट कम्तिमा तीस प्रतिशत रकम मर्मत सम्भार कोष खडा गरी खर्च गरिने छ ।
- हरेक वर्षको फाल्गुन मसान्तभित्र पुर्वाधार तर्फका आयोजनाहरु सम्पन्न गराईनेछ ।
- ग्रामिण कच्ची  सडकलाई ब्यबस्थित गर्न कच्ची सडकमा चल्ने टयाक्टरलाई बर्षा यामको असार १५ देखी भाद्र १५ सम्म पुर्ण रुपमा रोक लगाउन प्रयत्नशिल रहने नीति लिईनेछ ।
- आँधिखोला गाउँपालिकाका गौरवका योजनालाई रकमको अभाव हुन दिइने छैन ।

**७. बस्ती विकास,शहरी योजना तथा भवन निर्माण**

- गाँउपालिकामा खरको छानालाई बिस्थापित गरी जनताको सुरक्षित आबासको हकलाई प्रत्याभुत गरिनेछ ।
- गाउँपालिकाको वस्ती विकास,शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड लागु गरिनेछ ।
- सरकारी भवनहरुलाई बालमैत्री,ज्येष्ठनागरिक मैत्री तथा अपाङ्ग मैत्री बनाईनेछ ।
- सडक दायाँबायाँका अतिक्रमित भवन तथा टहराहरु सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीति लिइने छ ।

**८. उर्जा र बैकल्पिक उर्जाः**

- सौर्य सडक बत्तिको कार्यक्रम संचालन गरिनेछ ।
- सबै सरकारी निकायहरुमा बैकल्पिक उर्जाको कार्यक्रमलाई प्रबर्द्धन गरिनेछ ।

**९. संस्थागत विकास,सेवा प्रवाह र सुशासनः**

**(क) क्षमता विकासः**

- टोल विकास संस्था र आमा समूह युवा क्लब विपन्न वर्गहरुको क्षमता विकास गर्दे उद्यमशिल कार्यक्रमहरु अवलम्वन गर्न प्रेरित गरिने छ ।
- उपभोक्ता समितिको क्षमता विकासको निम्ति आवश्यक तालिम उपलब्ध गराईने छ ।
- टोल विकास संस्थालाई आय आर्जनको कार्यक्रममा आबद्ध गरी गरीबी निबारण गर्न **टोल विकास संस्था मार्फत गरीबी निवारण कार्यक्रम सञ्चालन** गरिनेछ ।

**(ख) सार्वजनिक जग्गा संरक्षणः**

- गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिनेछ । गाउँक्षेत्र भित्रका ऐलानी/पर्तिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइने छ र ऐलानी/ पर्ति जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिने छ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।

**(ग) सूचना तथा संचार प्रविधिः**

- गाउँपालिकाको बिद्युतीय सुशासन कार्ययोजना निर्माण गरिनेछ ।
- गाउँपालिकाको विद्युतीय तथ्यांकको सुरक्षा गरिनेछ ।
- आँधिखोला गाउँपालिकाको निश्चित स्थानमा यसै वर्ष देखि free wi-fi zone को व्यवस्था गरिनेछ ।

**(घ) राजस्व सम्बन्धी नीतिः**

- जनतामा कर तिर्ने संस्कार निर्माणका लागि जनताहरुमा कर प्रतिको सचेतना र सम्बेदनशिलता अभिबृद्धि गरिनेछ ।
- प्रत्येक वडाबाट संकलन गरिने राजश्वलाई पारदर्शी तथा ब्यबस्थित बनाउनका लागी राजश्व संकलनको एकिकृत सफ्टवेयर प्रयोगमा ल्याईनेछ।
- कर संकलन सम्बन्धि घुम्ती सिविर संचालन गरिनेछ ।

**(ङ) पेश्की बेरुजु फछ्र्यौट सम्बन्धी नीतिः**

- हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ ।
- पुरानो पेश्की बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्व पेश्की फछयौंट गराउन आवश्यक पहल गरिने छ साथै दोहोरो पेश्कीलाई निषेध गरिएको छ ।

**(च) लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीतिः**

- लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।
- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिइने छ ।
- गाउँपालिकाको आय व्ययलाई चौमासिक रुपमा सूचना पार्टी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ ।
- लेखा प्रणाली लाई सुत्र प्रणाली अन्तर्गतको सफ्टवेयर मार्फत गरिनेछ ।

**(छ) सुशासनः**

- सबै प्रकारको भ्रष्टाचार प्रति शुन्य सहनशिलताको नीति रहनेछ ।
- आँधिखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुको सेबा प्रबाहलाई चुस्त पारदर्शी एबं जबाफदेही बनाउन घुम्ती सेबा, सार्बजनिक सुनुवाई,सामाजिक परीक्षण,सार्बजनिक परीक्षण लगायत अन्य सेबाग्राहीमैत्री कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- पर्यटन बिकास समिति लगायतका बिभिन्न समितिहरुको साझेदारीमा संस्थागत क्षमता बिकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाँउपालिका भित्रका सबै सरकारी कार्यालय र बिद्यालयमा बिद्युतिय हाजिरीको ब्यबस्था गरिनेछ ।
- गाँउपालिकामा जनताको पहुँच सरल र सहज रुपमा होस भन्ने हेतुले बिद्युतिय शुसासनका माध्यमहरु टोल फ्री टेलिफोन नं, **Audio Notice Board** आदिको ब्यबस्था गरिनेछ ।

**(ज) कर्मचारी प्रशासनः**

- कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइने छ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई मापदण्ड तोकी उचित प्रोत्साहनको ब्यवस्था गरिने छ ।
- कर्मचारीलाई सेवा प्रति लगनशील,जिम्मेबार,उत्तरदायी र कर्तव्य निष्ठ बनाउन दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ ।

**(झ) न्यायिक कार्य सम्बन्धी व्यवस्थाः**

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, गैरविभेदकारी र न्यायमुलक बनाउदै सामाजिक न्यायका आधारमा न्याय सम्पादन गरिनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना मार्फत विवादलाई यथासक्य चाँडो मेलमिलापको माध्यमबाट समाधान गरी बास्तबिक न्यायको अनुभुति गरिनेछ ।

**सदस्य ज्यूहरु, आदरणीय उपस्थित महानुभावहरु,**

बिगतमा भएको केन्द्रिकृत बिकासको अभ्यासबाट सृजित चुनौतिको सामना गर्ने नबीन बहुआयामिक शासन पद्धतिको रुपमा रहेको संघिय शासन पद्धति कार्यान्वयनको २ बर्षको अनुभब हामी माझ रहेको छ। जनअनुमोदित भएको बाँकी समयाबधीका लागि अझ प्रभाबकारी रुपमा हाम्रा कृयाकलापहरु संचालन गर्न हालसम्मको अनुभब अत्यन्त फलदायी हुने अपेक्षा गरेको छु ।

जनताका असिमित आबश्यकताको बिद्यमानता हामी माझ घाम जस्तै छर्लङग छ तथापि असीमित आबश्यकताको परिपुर्तिका लागि सिमित साधन स्रोतको कारण उत्पन्न हुने असहज परिस्थितिलाई सहज बनाउनका लागि संबिधानको मूल मर्म सहकारीता समन्वय र सहस्तित्व अनुसार नेपाल सरकार र गण्डकी प्रदेश सरकार सँग हातेमालो गर्दै अगाडी बढिनेछ ।

कुनै एक क्षेत्र बिशेषको बिकासले मात्र गाँउपालिकाको समग्र बिकास नहुने तथ्यलाई आत्मसात गर्दै सामाजिक,आर्थिक ,साँस्कृतिक लगायतका बहुआयामिक क्षेत्रको बिकासका लागि निर्दिष्ट गरिएका क्षेत्रगत नीतिहरुको प्रभाबकारी कार्यान्वयनका लागि सोही अनुसारको बार्षिक बिकास कार्यक्रम यस सम्मानित गाँउसभामा पेश गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु ।

बिबिधतायुक्त बिशेषतालाई आत्मसात गरी बिबिधताबिच एकता सामाजिक सास्कृतिक ऐक्यबद्धता,सहिष्णुता र सदभाबलाई संरक्षण तथा निरन्तरता दिनका लागि यस गाँउपालिका भित्रका

बिभिन्न राजनैतिक दलहरु, बुद्धिजीबिहरु लगायत सम्पूर्ण दाजुभाई दिदिबहिनीहरुलाई बिशेष धन्यबाद दिन चाहान्छु । साथै भबिष्यमा समेत सोही प्रकारको भूमिकाको अपेक्षा गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्माक शासन ब्यबस्थाको माध्यमद्धारा दिगो बिकास, शान्ति, सुशासन, बिकास र समृद्धिको आकांक्षा पुरा गर्न संबिधानसभाबाट पारित भएको नेपालको संबिधानको अनुसुचीमा रहेका स्थानिय तहका बिभिन्न अधिकारसुचीहरुलाई समान रुपमा प्राथमिकतामा राखी सो अधिकार सुचिले तिनको पूर्ण कार्यान्वयनबाट जुन बिकासको अबस्थाको परिकल्पना गरेको छ । यो अबस्था हासिल गर्नका लागि प्रस्तुत नीति तथा कार्यक्रम कोशेढुङगाका रुपमा प्रमाणित हुनेछ भन्ने बिश्वास लिएको छू ।

अन्त्यमा आँधिखोला गाँउपालिकाको बिकासको मार्गदर्शनको रुपमा रहेको यस नीति तथा कार्यक्रमको तर्जुमामा सुझाब सल्लाह दिनुहुने सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी ,राजनितिक दलका प्रतिनिधि लगायत सम्पूर्ण आँधिखोलाबासी जनतालाई हृदयदेखी नै धन्यबाद दिन चाहान्छु र यस नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गरी समृद्ध आँधिखोला निर्माणमा समेत सबैको सकरात्मक भुमिका रहनेछ भन्ने अपेक्षा गरेको छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पूर्ण महानुभावहरु प्रति कृतज्ञता ज्ञापन गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

**प्रमाणिकरण मिति: २०७६/०३/१२**

**सुधिर कुमार पौडेल**

**अध्यक्ष**